"समृद्ध नगर, खुशी नगरवासी"

गुर्भाकोट नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

शुभाघाट, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

२०७३

फोन ०८३-४१००७२
E-mail: sktgurbhakotmun@gmail.com
Website : gurbhakotmun.gov.np

प.स. २०७७/०७८ (पशु सेवा शाखा)
च.नं :

मिति :२०७७/११/१७

## प्रस्ताव आह्वान सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकासित मिति २०७७/११/१७)

यस नगरपालिका पशु सेवा शाखाको आ.ब.२०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ५० प्रतिशत अनुदानमा तपसिलमा उल्लेखित कार्यक्रम संचालन गर्नुपर्ने भएकोले गुर्भाकोट नगरपालिका भित्रका ईच्छुक निजी व्यवसायी/गाई/भैसीपालन कृषक समूह ले सूचना प्रकाशित भएको मितिले ७ (सात) औं दिन भित्र तपसिलमा उल्लेखित बिबरण सहितको आवेदन फाराम यस नगरपालिकाको पशुसेवा शाखामा कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नु हुन आह्वान गरिन्छ । प्रस्तावकले सरकारी निकायबाट बिगत २ आर्थिक वर्षमा नगद तथा बस्तुगत यस्तै प्रकृतिको कार्यक्रममा अनुदान वा आर्थिक सहयोग लिई सकेको भए छनौट प्रकृयामा समावेश गराईने छैन । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेश हुन नसक्ने ब्यहोरा समेत जानकारी गराईन्छ ।

प्रमुख प्रशासकिय अधिकृत
टेक बहादुर खत्री

तपसिल :

| क्र.सं. | कार्यक्रम | संख्या | कुल अनुदान रु. | कैफियत |
|---|---|---|---|---|
| १. | बिधुतिय चारामेसिन | ७ | १,४०,०००/० | |
| २. | हाते चारा मेसिन | ३० | १,८०,०००/० | |

**प्रस्तावका साथ सम्मिलीत हुनुपर्ने कागजातहरु :-**

१. निवेदन तथा नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।
२. समूह दर्ता प्रमाण-पत्रको प्रतिलिपी ।
३. समूहको निर्णय प्रतिलिपी ।
४. फर्म दर्ताको प्रमाण पत्रको प्रतिलिपी
५. कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी
६. आफुले संचालन गर्ने कार्यक्रमको अनुसूचि ३ अनुसारको संक्षिप्त कार्ययोजना ।
७. प्रस्तावकले आफ्नो तर्फबाट ब्यहोर्नु पर्ने रकम लागत साझेदारी गर्ने र अन्य निकायबाट अनुदान लिए नलिएको प्रतिबद्धता पत्र तथा सो लगानीको आधिकारिक प्रमाण ।
८. सम्बन्धित वडा कार्यालयको सिफारीस ।

थपजानकारीको लागी यस नगरपालिकाको वेभ साईट www.gurbhakotmun.gov.np र यस नगरपालिकाको facebook पेज , वडा कार्यालयहरु तथा ९८६८३०४६८५ मा सर्म्पक राख्नहुन जानकारी गराईन्छ ।